जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २१० | २०७९ साल चैत ९ गते बिहीबार (23 Mar. 2023 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा टेलिफोन गर्दा... ३ पृष्ठमा : वैदेशिक क्षेत्रका श्रमिक... ३ पृष्ठमा : प्रधानमन्त्री मोदीविरुद्ध ...

# स्ववियु निर्वाचन सम्पन्न भएको चार दिनपछि विवादकै बीच मतगणना



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा आइतबार सम्पन्न स्ववियु निर्वाचनको मतगणना चार दिनपछि बुधबार दिउँसो ४ बजेदेखी विवादकै बीच सुरु भएको छ ।

मतगणना भइरहेको स्थलमा जसपा निकटको समाजवादी विद्यार्थी युनियन गठबन्धनका प्रतिनिधिहरु उपस्थित रहेपनि पुनः मतदानको माग गर्दै आएका काँग्रेस निकटको नेवि संघ, जनमत पार्टी निकटको विद्यार्थी जनमत संघ, एमाले निकटको अनेरास्ववियु र एकीकृत समाजवादी निकटको अनेरास्ववियुका कुनै पनि प्रतिनिधि सहभागि भएका छैनन् ।

उनीहरु मतगणना बहिष्कार गरि क्याम्पस गेट बाहिरै नाराबाजी गर्दै दिनभरी बसिरहेका छन् । उनीहरु मतदान अधिकृत यादवले एकपक्षलाई मात्र लाभ पुग्ने गरि निर्वाचनको समय तालिका मिलाएको र निर्वाचनमा धाँधली भएको आरोप लगाउँदै उक्त निर्वाचन परिणाम कुनै पनि हालतमा स्वीकार्य नहुने बताउँदै आएका छन् ।

बुधबार त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले क्याम्पस प्रशासनलाई एक पत्र पठाई निर्वाचनको मतगणना प्रक्रिया अघि बढाउन निर्देशन दिएपछि मतगणना अपरान्ह ४ बजेदेखी सुरु भएको मतदान अधिकृत रामअशिष यादवले जानकारी दिए ।

उक्त पत्रमा त्रिभुवन विश्वविद्यालय स्ववियु निर्वाचन केन्द्रिय अनुगमन तथा समन्वय समितिको बैठकले मतगणना प्रक्रिया सुरु गर्न निर्णय गरेको उल्लेख छ ।

स्ववियु निर्वाचनमा काँग्रेस निकट नेवि संघ र जनमत पार्टी निकट विद्यार्थी जनमत संघ एक्ला एक्लै चुनावी मैदानमा छन् भने एमाले निकटको अनेरास्ववियु तथा एकीकृत समाजवादी निकटको अनेरास्ववियु तालमेल गरि प्रतिष्पर्धामा छन् ।

यस्तै जसपा निकटको समाजवादी विद्यार्थी युनियन, लोसपा निकटको लोकतान्त्रिक विद्यार्थी संघ र माओवादी निकटको अखिल क्रान्तिकारी गठबन्धन बनाएर चुनावमा उत्रेका हुन् ।

यसअघि मतदानकै दिन विभिन्न विद्यार्थी संगठनका समर्थकबीच एक आपसपमा कुटपिट हुँदा चार घण्टा मतदान स्थगित गरिएको थियो । त्यसपछि अपरान्ह ४ बजेदेखी पुनः मतदान सूचारु गरिएको थियो । त्यति बेला सम्म मतदान नहुने ठानेर आफ्ना पक्षका अधिकांश मतदाता घर फर्किसकेको भन्दै एक पक्षले सो निर्वाचन बदर गरि पुनः अर्को मितिमा चुनाव गर्नुपर्ने र अर्को

***बाँकी अन्तिम पृष्ठमा***

# विद्यालयमा अजिङ्गर फेला



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित एक विद्यालयमा बुधबार अजिङ्गर फेला परेको छ ।

सो नगरपालिका वडा नं. ८ जोगिनियास्थित राष्ट्रिय विद्यालयमा परिसरमा अजिङ्गर फेला परेको प्रहरीले जनाएको छ ।

अन्दाजी ७ किलो वजन तथा ९ फिट लम्बाई रहेको अजिङ्गरलाई वन कार्यालयको समन्वयमा व्यवस्थापन गर्ने काम भइरहेको प्रहरीले जनाएको छ ।

# करेन्टले लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको महादेवा गाउँपालिकामा बुधबार करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. ४ डाढा निवासी मो. जहुरकी ५० वर्षिया श्रीमती अमिना खातुनको करेन्ट लागेर मृत्यु भएको हो ।

आंगनमा थुपारीराखिएको जस्तापाता एक ठाउँबाट अर्को ठाउँमा सार्ने क्रममा घर नजिकै रहेको विद्युतीय पोलको तारमा जस्तापाताले छोएपछि खातुनलाई करेन्ट लागेको प्रहरीले जनाएको छ ।

गम्भिर अवस्थामा उनलाई तत्कालै भारदह अस्पतालमा ल्याएकोमा चिकितसकले मृत घोषित गरेका थिए भने घटना स्थलमा इलाका प्रहरी कार्यालय कंचनपुरबाट खटेको एक टोलीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# जिल्ला प्रशासनमा उजुरी परेपछि एजेन्टद्वारा रकम फिर्ता



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

झण्डै एक वर्षदेखी बैदेशिक रोजगारीमा पठाइदिने भन्दै तीन जनासँग झण्डै ६ लाख रकम लिएका बैदेशिक रोजगार कम्पनीका एक एजेन्टले बुधबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा सो रकम फिर्ता गरेको छ ।

सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी जवरुल मियाँले बैदेशिक रोजगारका लागि कतार पठाइदिने भन्दै जिल्लाकै तिरहुत गाउँपालिका २ का ऐयुब मंसुरीसँग २ लाख १५ हजार, रहमान मियाँसँग १ लाख ८० हजार र विष्णुपुर गाउँपालिका १ का मो. इरफान मंसुरीसँग १ लाख ८० हजार गरि ५ लाख ७५ हजार रकम लिएका थिए । ६ महिनासम्म पनि एजेन्ट मियाँले बैदेशिक रोजगारका लागि नपठाएपछि पीडित तिनै जनाले जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएका थिए ।

प्रशासन कार्यालयमा उजुरी आएपछि प्रशासन कार्यालयमै रहेको आप्रवासी श्रोत केन्द्र राजविराजले एजेन्ट तथा पीडितहरुसँग लामो समयसम्म समन्वय गरेको थियो ।

समन्वय पश्चात् एजेन्ट मियाँले तीनै जनाको पासपोर्ट बनाउन लागेको ११/११ हजार रकमसहित ६ लाख ८ हजार प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई फिर्ता गरे । एजेन्टले फिर्ता गरेको उक्त रकम प्रजिअ थापाले सोही बेला तीनै जना पीडितलाई प्रदान गरेको आप्रवासी श्रोत केन्द्र राजविराजका कार्यक्रम संयोजक राजेन्द्र यादवले जानकारी दिए ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### वर्षको सुरुमै बजेट बिनियोजन गर्नेतर्फ ध्यान पुगोस्

सप्तरीको विभिन्न पालिकाहरुमा आउँदो केही दिनमा विकासीय कार्यहरु संचालनमा आउने छ । एक वर्षको अवधीमा १० महिनासम्म कामको थालनी नगर्ने तर, एकदेखी २ महिनाको अवधीमा सम्पूर्ण काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई निरन्तरता दिइने गरिन्छ । यसरी वर्षभरि बजेट निकासा नगरिकन साल तमामीको समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीले जडो गाड्दै गएको छ । विगतमा पनि त्यही परिपाटी र अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यको गुणस्तरता माथी समेत प्रश्न चिन्ह खडा हुन्छ ।

यसरी जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियतामा पनि शंका गर्ने ठाउँ रहन्छ । कीन हतार हतारमा बजेट निकासा गरि योजना बाँडफाड गरिन्छ ! यो जनताको मात्र नभएर सबै सरोकारवालाको प्रश्न हो । विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ । के वर्षको अन्तिम समयमा यस्ता कार्यक्रमहरु गरिएमा फलदायी हुन्छ त ? यस्ता कार्यक्रमहरु वर्षको सुरुवातमा गर्न सकिए त्यो कार्यान्वयन पनि हुन्छ ।

यस्ता कार्यहरु गर्न गराउन सम्पूर्ण पालिकाहरु गम्भिर भएर वर्षको सूरुवातदेखी नै अग्रसरता देखाउन सके त्यसले कामको चाप घट्नुका साथै अन्य कामहरु समेत प्रभावित हुँदैन र निगरानी गर्न सजिलो हुन्छ । तसर्थ आगामी वर्षदेखी वर्षको सुरुमै बजेट बिनियोजन गरेर विभिन्न कामहरुलाई निरन्तरता दिनेतर्फ सबै पालिकाको गम्भिर ध्यानाकर्षण होस् ।

# नेपालमा टेलिफोन गर्दा लाग्ने महसुल दर घटाउन सञ्चारमन्त्रीको भारत सरकारसँग आग्रह


काठमाडौं, ८ चैत (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भारतबाट नेपालमा टेलिफोन गर्दा लाग्दै आएको महसुल दर घटाउन भारत सरकारसँग आग्रह गर्नुभएको छ । भारत सरकारका सञ्चार राज्यमन्त्री देभुसिन्ह चौहानसँग बुधबार नयाँदिल्लीमा भएको छलफलमा उहाँले सो आग्रह गर्नुभएको हो ।

"नेपाल र भारतबीच टेलिफोन दरमा ठूलो असमानता छ, भारतमा बसोबास गर्ने नेपालीले नेपालमा टेलिफोन गर्दा अधिक शुल्क लाग्ने गरेको गुनासो गर्ने गरेका छन", सरकारका प्रवक्ता शर्माले भन्नुभयो, "दुवै देशबीच रहेको टर्मिनल चार्जमा पुनरावलोकन गरी सुलभ महसुल दरमा सेवा उपलब्ध गराउनुपर्ने देख्दछु ।"

नेपाल र भारत नजिकका छिमेकी भएकाले दूरसञ्चार सेवामा बेलाबखत अन्तरदेशीय अवरोध हुने र कतिपय अवस्थामा नेपालको भित्री भागसम्म पनि भारतीय मोबाइल सेवा उपलब्ध हुने गरेकाप्रति ध्यानाकर्षण गराउँदै उहाँले त्यसमा दुवै देशका सेवाप्रदायक र नियामक सजग हुनुपर्नेमा जोड दिनुभयो ।

मन्त्री शर्माले भारतीय टेलिभिजन च्यानल नेपालमा सहजै प्रसारण हुने तर नेपाली च्यानल भने भारतमा प्रसारण हुन कठिन रहेकातर्फ ध्यानाकर्षण गराउँदै मन्त्री शर्माले भन्नुभयो, "भारतमा नेपाली भाषीको ठूलो सङ्ख्या रहेकाले नेपाली च्यानलको सहज प्रसारण हुने वातावरण मिलाइदिन म विशेष आग्रह गर्दछु ।" उहाँले विशेषतः नेपाली च्यानल भारतमा डाउनलिङ्क गर्दा अत्यधिक शुल्क लाग्ने गरेकाले यो सम्भव नभएको हुँदा यसमा भारतीय सरकारबाटै विशेष निर्देश दिन आग्रह गर्नुभएको सञ्चार मन्त्रालयले जनाएको छ ।



प्राकृतिक सौन्दर्य र संस्कृतिको धनी मुलुक नेपाल चलचित्र छायाङ्कनका लागि अत्यन्त उपयुक्त स्थल भएकोतर्फ ध्यानाकर्षण गराउँदै मन्त्री शर्माले नेपालमा चलचित्र नगरी निर्माण गर्न लगानी गरी लगानीकर्ताले उचित प्रतिफल प्राप्त गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालमा दक्ष जनशक्ति उत्पादन गर्न भारत सरकारले लामो समयदेखि विभिन्न विषयमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको र वर्तमान परिप्रेक्ष्यमा नेपाललाई सूचना प्रविधिका क्षेत्रमा थप दक्ष जनशक्ति आवश्यक हुन थालेकाले त्यस्ता शैक्षिक कार्यक्रममा नेपाललाई सहयोग गर्न पनि उहाँले भारत सरकारसँग अनुरोध गर्नुभयो ।

त्यसैगरी सूचना प्रविधि र साइबर सुरक्षाका क्षेत्रमा मध्यम र छोटो अवधिको तालिममा समेत नेपालबाट सहभागिता हुने आग्रह गर्नुभयो ।

"सूचना प्रविधिको विकाससँगै त्यस क्षेत्रको जोखिम पनि बढ्दै गएको छ । साइबर सुरक्षा प्रमुख चुनौतीका रूपमा देखापर्न थालेको छ", बैठकमा मन्त्री शर्माले भन्नुभयो, "यसका लागि हामी दुई मुलुक मिलेर अघि बढ्नुपर्ने आवश्यकता मैले महशुस गरेको छु, आपसी सूचना, अनुभव र अभ्यास आदानप्रदान गर्ने दिगो संयन्त्र तयार गरी क्षमता विकास गर्दै साइबर सुरक्षालाई मजबुत बनाउन आवश्यक छ ।"

रेडियो नेपाल र अल इन्डिया रेडियोबीच एकअर्काका विषयवस्तु प्रसारण गर्नेलगायतका विषयमा समझदारी गर्नेगरी तयारी भएको आफूले बुझेको उल्लेख गर्दै मन्त्री शर्माले समझदारीपत्रको मस्यौदामा नेपालको प्राविधिक टिमले अध्ययन गरिरहेको र छिट्टै यो विषय निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यसैगरी नेपाल टेलिभिजन र प्रसार भारतीबीच एक अर्काका विषयवस्तु प्रसारण गर्ने सम्बन्धमा पनि सकारात्मक छलफल अगाडि बढेको आफूले पाएको स्पष्ट गर्दै उहाँले सो विषयसमेत छिट्टै निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# अयोग्य लडाकुको राहतका लागि प्रारम्भिक प्रक्रिया सुरु

काठमाडौं, ८ चैत (रासस) ।

मन्त्रिपरिषद्को सोमबारको निर्णयअनुसार प्रमाणीकरण भएका अयोग्य लडाकुलाई रु दुई लाख राहत दिन सरकारले बुधबारदेखि आवश्यक प्रक्रिया अघि बढाउने भएको छ ।

मन्त्रिपरिषद् बैठकले 'प्रमाणीकरण भएका द्वन्द्वकालका अयोग्य लडाकुलाई कार्यविधि बनाई राहत उपलब्ध गराउने' निर्णय गरेको थियो । "बुधबारदेखि कार्यविधि बनाउने प्रक्रिया मन्त्रालयले थाल्छ, त्यसका आधारमा आवश्यक पहिचान गरी वितरण कार्य सुरु हुन्छ", गृहसचिव विनोदप्रकाश सिंहले भन्नुभयो, "सकेसम्म चालू आर्थिक वर्षदेखि नै वितरण गरिनेछ ।" वितरणको काम चरणबद्धरुपमा गरिने उहाँले जानकारी दिनुभयो ।

राहत रकम वितरणको काम जिल्ला प्रशासन कार्यालयमार्फत हुने सचिव सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार संयुक्त राष्ट्रसङ्घीय मिसन नेपाल ( अनमिन) को प्रमाणीकरणमा चार हजार आठ अयोग्य लडाकु रहेका छन् । यसअघि २०७३ सालमा उनीहरूलाई रु दुई लाख राहत दिने भनिए पनि अन्ततः रोकिएको थियो ।

तत्कालीन शान्ति प्रक्रियाका समयमा माओवादी लडाकु

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# वैदेशिक रोजगारीमा जाने युवालाई दुःख दिने कार्य स्वीकार्य छैन : प्रधानमन्त्री दाहाल

काठमाडौं, ८ चैत (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रोजगारीका लागि विदेश जाने युवालाई कुनै पनि रुपले दुःख दिने काम, ठगी गर्ने, ढिलासुस्ती अब स्वीकार्य नहुने बताउनुभएको छ ।

वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई समाजिक सुरक्षा कोषका योजनामा आबद्ध गराउने कार्यको शुभारम्भ गर्दै उहाँले भन्नुभयो, "अब दुःख दिने । दुःख पाउने दिन गए । अब सबैको सम्मान हुनेछ, सबैको आत्मसम्मानमा बढोत्तरी हुनेछ, यहाँहरूको योगदानको कदर हुनेछ ।"

उहाँले वैदेशिक रोजागारीका लागि नयाँ नयाँ अवसर र गन्तव्यको खोजी गर्ने मन्त्रालयको तयारीलाई समेत प्रोत्साहित गर्न चाहेको उल्लेख गर्दै श्रम सम्झौता हुन बाँकी देशहरूसँग सम्झौता गर्ने, भइसकेका सम्झौतालाई समय सापेक्ष बनाउने कार्यलाई अगाडि बढाइने बताउनुभयो । उहाँले विदेशमा रहेका नेपालीको हकहित, सुविधा बढोत्तरी गर्ने र त्यसबाट हुने लाभलाई गुणात्मक रूपमा बढाउने विषय सरकारको प्राथमिकतामै रहेको जानकारी दिनुभयो ।

प्रधानमन्त्रीले अध्यागमनमा हुने रोजगारीका लागि श्रम स्वीकृति लिएर जाने युवाप्रति हुने फरक व्यवहार गरिने व्यवस्था अन्त्य भएको बताउनुहुँदै सरकारको प्राथमिकता भनेको जनतामुखी सेवा प्रवाह नै हो भन्ने विश्वास दिलाउन चाहेको स्पष्ट गर्नुभयो ।

# वैदेशिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षामा समेटिँदै

काठमाडौँ, ८ चैत (रासस)।

वैदेशिक रोजगारीमा रहेका तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिक बुधबारदेखि सामाजिक सुरक्षा योजनामा समेटिँदै छन्। सामाजिक सुरक्षा कोषले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा एक कार्यक्रमको आयोजना गरी वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई योजनामा सूचीकृत गर्ने कार्य प्रारम्भ गर्दैछ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत कोषमा आबद्ध गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने क्रममा उक्त कार्य शुभारम्भ गर्न लागिएको सामाजिक सुरक्षा कोष कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो। उक्त योजना सुरु भएसँगै वैदेशिक रोजगारीमा रहेका लाखौँ नेपाली श्रमिक लाभान्वित हुने अनुमान गरिएको छ।

वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको छातामुनि ल्याउन कोषले यसअघि नै अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्नेसम्बन्धी कार्यविधि स्वीकृत गरिसकेको छ। उक्त कार्यविधिले अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका लाखौँ श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउने बाटो खोलेको थियो।

ट्रेड युनियन सङ्घ सङ्गठनले लामो समयदेखि अनौपचारिक र स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरमा ल्याउन माग गर्दै आएका थिए। नेपालको औपचारिक क्षेत्रका श्रमिकले तीन वर्षदेखि सामाजिक सुरक्षा योजनाबाट लाभ लिन थाले पनि वैदेशिक रोजगारी र विदेशमा स्वरोजगारमा रहेका श्रमिक त्यसबाट बञ्चित हुँदै आएका थिए। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले पनि वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गराउन पैरवी गर्दै आएको थियो।

नयाँ श्रम स्वीकृति लिनेलाई बुधबारदेखि कोषमा सूचीकृत हुने व्यवस्था अनिवार्य गरिएको छ। हाल दैनिक करिब दुई हजार जनाले श्रम स्वीकृति लिने गरेका छन्। श्रम स्वीकृति लिनेले कोषमा एक महिनाको योगदान रकम जम्मा गर्नुपर्ने छ। वैदेशिक रोजगारीमा जाने श्रमिकले छ महिनाको योगदान रकम जम्मा गर्दा १० प्रतिशत छुट पाउने प्रवक्ता पन्थीले बताउनुभयो। विदेशमा रहेका श्रमिकले कोषको वेभसाइटबाट सूचीकरण गरी योगदान रकम जम्मा गर्न सक्नेछन्।

स्वीकृत कार्यविधिबमोजिम वैदेशिक रोजगारीमा रहेका वा विदेशमा स्वरोजगार रहेका श्रमिकले कम्तीमा आधारभूत पारिश्रमिकको २१ दशमलव ३३ प्रतिशत रकम अर्थात् न्यूनतम रु दुई हजार मासिकरूपमा र अधिकतम त्यसको तीन गुणासम्म कोषमा योगदान गरी सुविधामा सहभागी हुन सक्नेछन्।

प्रवक्ता पन्थीका अनुसार कोषमा हालसम्म औपचारिक क्षेत्रका तीन लाख ९९ हजार पाँच सय ६६ श्रमिक आबद्ध भइसकेका छन्। कोषमा रु ३० अर्ब ८७ करोड योगदान रकम सङ्कलन भएको छ। कोषले योगदानकर्तालाई रु तीन अर्ब ८१ करोड दाबी भुक्तानी गरेको छ। विसं २०७५ मङ्सिर ११ गतेदेखि योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनमा आएको थियो।

# कार्यपालिका सदस्यहरूको सर्लाही सञ्जाल गठन




**दैनिक समाचारदाता**
**सर्लाही, ८ चैत।**

'दलित सशक्तीकरण ऐन २०७६ कार्यान्वयनको अवस्था : आगामी दिनमा कार्यपालिका सदस्यहरूको भूमिका' विषयक जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रमका अवसरमा सर्लाहीका विभिन्न पालिकामा आबद्ध कार्यपालिका सदस्यहरूको जिल्लास्तरीय सञ्जाल सन्तबहादुर विश्वकर्मा (वाग्मती) को अध्यक्षतामा गठन गरिएको छ।

सञ्जालको पदाधिकारीहरूमा राकेश बैठा (बरहथवा) उपाध्यक्ष, इन्कु महरा (कविलासी) कोषाध्यक्ष, सुनिता पासवान (गौडेता) सचिव र दयाराम मण्डल (मलङ्गवा) र प्रवीण रजक (परर्हा) सहसचिव चुनिएका छन्। यसैगरी सदस्यहरूमा परेखतीदेवी बैठा ( धनकौल), राजदेव बैठा (हरिपूर्वा), हिरा विश्वकर्मा (हरिपुर), रामकेशर दास (रामनगर) र शान्तिदेवी पासवान (ब्रह्मपुरी) छन्। यसरी नै सल्लाहकारमा वडाध्यक्षद्वय शर्मिलाकुमारी राम (बरहथवा-१०) र राकेश राम (पर्सा-२) छन्।

उक्त कार्यक्रममा आयोजक संस्था दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले दलित सशक्तीकरण ऐन २०७६ मा भएका प्रावधानहरू उल्लेख गर्दै तिनको कार्यान्वयनका लागि कार्यपालिका सदस्यहरूले निर्वाह गर्नुपर्ने भूमिकाबारे प्रष्ट पारेका थिए। मधेस प्रदेश सरकारद्वारा जारी यो ऐनमा जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने र दलित समुदायको शैक्षिक, सामाजिक, राजनीतिक, नागरिक, सांस्कृतिक अधिकार प्रबर्द्धन तथा दलित समुदायको सशक्तीकरण गर्ने कानुनी व्यवस्थाहरू समावेश छ।

त्यसैगरी दलित अधिकारका लागि प्रदेश र पालिका स्तरमा शक्तिशाली समिति, प्रदेश प्रहरीअन्तर्गत जातीय छुवाछूत तथा भेदभाव हेर्न दलितकै नेतृत्वमा छुट्टै सेल बनाउने व्यवस्था गर्ने, मधेस प्रदेशका दलितको समग्र विकास र सशक्तीकरणका लागि दलित विकास समिति गठन गर्ने व्यवस्था समेत छ।

यसैगरी जातीय छुवाछूतसम्बन्धी घटनाहरूको अध्ययन, अनुगमन तथा जातीय विभेदविरुद्धको कानुन कार्याब्वयन, रेखदेख, नियन्त्रण र सुपरीवेक्षण गर्न प्रदेश स्तरमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहने व्यवस्था पनि यो ऐनमा उल्लेख छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### प्रधानमन्त्री मोदीविरुद्ध आपत्तिजनक 'पोस्टर' टाँसेको अभियोगमा पक्राउ

नयाँदिल्ली, ८ चैत (रासस/एएनआई)।

राष्ट्रिय राजधानीमा प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध अपमानजनक टिप्पणीसहित आपत्तिजनक पोस्टर टाँसेको अभियोगमा छ जनालाई पक्राउ गरिएको छ। प्रधानमन्त्री मोदीका कट्टर आलोचकहरूले आपत्तिजनक पोष्टर टाँसेकाले उनीहरूलाई कानुनको दायरमा ल्याउन एक सयभन्दा बढीले स्थानीय प्रहरीमा उजुरी दर्ता गराएका छन्।

दिल्लीका केही भागमा 'मोदी हटाओ, देश बचाओ' लेखिएका पोस्टर टाँसिएका छन्। उजुरीका आधारमा छ जनालाई पक्राउ गरिएको दिल्ली प्रहरी प्रमुखले बताएका छन्। पोस्टरमा छापाखाना वा प्रकाशकको नाम उल्लेख गरिएको छैन। दिल्ली प्रहरीले घटनाको अनुसन्धान सुरु गरेको छ। आम आदमी पार्टी (आप) को कार्यालयबाट बाहिरिने बित्तिकै एउटा भ्यान रोकिएको थियो। त्यसबाट आपत्तिजनक पोस्टरसहित उनीहरूलाई अपहेलना ऐनअन्तर्गत गिरफ्तार गरेर थप अनुसन्धान थालिएको प्रहरी प्रमुखले एएनआई प्रतिनिधिलाई बताएका छन्।

### प्रतिद्वन्द्वी समूहको आक्रमणमा पिटिआई नेतासहित दश जनाको मृत्यु

इस्लामाबाद, ८ चैत (रासस/एएनआई)।

पाकिस्तानको हवेलियनको लाङ्ग्रा गाउँमा प्रतिद्वन्द्वी समूहले पाकिस्तान तेहरिक-ए इन्साफ (पिटिआई) लक्षित आक्रमणमा एक जना स्थानीय नेतासहित १० जना मारिएका छन्। कारमा यात्रा गरिरहेका बेला भएको आक्रमणमा पिटिआई नेता आतिफ मुन्सिफ खानसहित १० जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। द्रुत गतिमा रहेको कारमा गोली प्रहार हुँदा इन्धन टयाङ्कीमा लागेको र तत्काल कारमा आगो सल्किएको सामाजिक सञ्जालमा 'पोष्ट' गरिएका भिडियोमा देखिन्छ। कार पूर्णरूमा जलेको छ। दुई जना घाइतेलाई उद्धार गरी अस्पताल पुऱ्याइएको छ। नेता खानको शव परीक्षणका लागि एबोटाबाद जिल्ला सदरमुकाम अस्पतालमा राखिएको छ।

आक्रमणमा मारिएका खानले एबोटाबादको हवेलियन तहसीलबाट स्वतन्त्र उम्मेद्वारको रूपमा सन् २०२२ मा खैबर पख्तुनख्वा स्थानीय निकायको चुनाव जितेका थिए। केही समयपछि उनी पिटिआईमा आबद्ध भएका हुन्। उनका बुबा मुन्सिफ खान जादुन केपी विधानसभाका पूर्वसदस्य र प्रान्तीय मन्त्री भएका थिए। उनको पनि सन् १९९० को दशकमा हत्या भएको थियो। यसैबीच, पाकिस्तानको सैन्य सञ्चार शाखा इन्टर सर्भिसेस पब्लिक रिलेसन्स (आइएसपीआर)का ब्रिगेडियर मुस्तफा कमल बर्की दक्षिण वजिरिस्तानमा आतङ्कवादीसँग भएको भिडन्तमा मारिएका दैनिक अखबार डनले जनाएको छ। झडमा सात जना सैनिक घाइते भएका छन्।

### आफैँ कैदमा रहेका चन्द्रशेखरको गरिब कैदीलाई करोडौँ प्रदान गर्ने चाहना

नयाँदिल्ली, ८ चैत (रासस/एएनआई)।

आफैँ कैदमा रहेका एक बन्दीले कारागारमा रहेका कैदीबन्दी तथा उनीहरूका परिवारका लागि रु पाँच करोड ११ लाख प्रदान गर्ने चाहना व्यक्त गरेका छन्। ठगीको आरोपमा श्रीमतीसहित पक्राउ परेका सुकेश चन्द्रशेखरले बुधवार कारागार महानिर्देशकलाई पत्र लेखेर धरौटी रकम तीर्न नसक्ने कैदीलाई उक्त रकम प्रदान गर्न चाहेको उल्लेख गर्दै अनुमति मागेका छन्।

चन्द्रशेखरले पत्रमा भनिएको छ, "आफू नै बन्दी जीवन बिताइरहेको एक मानवका रुपमा म कारागारमा रहेका बन्दीको हितका निम्ति रु पाँच करोड ११ लाख प्रदान गर्न चाहन्छु। मेरो अनुरोध स्वीकार गर्न विनम्र अनुरोध गर्दछु। मेरो अनुरोध यही मार्च २५ सम्ममा स्वीकार गरियोस्, किनकि यो मेरो जन्मदिन हो। मेरो अनुरोध स्वीकार गरिएमा म ज्यादै हर्षित हुनेछु। र, प्राप्त स्वीकृति मेरा लागि सबैभन्दा राम्रो उपहार हुनेछ।"

परिवारको कुनै सदस्य जेल पर्दा उसका आश्रित वा अभिभावकले झेलेको पीडा, टुटेको पारिवारिक सम्बन्ध, प्रियजन जेल पर्दा तहसनहस भएका परिवार, आत्महत्यालगायत अति विषम परिस्थिति आफूले देखेको जनाउँदै पत्रमा चन्द्रशेखरले आफ्नो सानो प्रयास स्वीकार गर्न अनुरोध गरेका छन्। उनले उक्त रकम आफ्नो व्यक्तिगत एवम् वैधानिक आम्दानी भएको दाबी गर्दै आवश्यक परेमा आयस्रोतको प्रमाण पनि पेश गर्ने बताएका छन्।

आफू र आफ्नो परिवारले सञ्चालन गरेका परोपकरी संस्था शारदा अम्मा फाउण्डेशन र चन्द्रशेखर क्यान्सर फाउण्डेशनमार्फत मानव कल्याणका कार्यक्रम सञ्चालन भएका, ती संस्थाले दक्षिण भारतका लाखौँ गरिबलाई भोजनको प्रबन्ध गरेको तथा हरेक महिना क्यान्सका बिरामीलाई निःशुल्क केमोथेरापी सेवा प्रदान गर्दै आएको पत्रमा उल्लेख गर्दै चन्द्रशेखरले जेलमा रहेका बन्दीले धरौटी रकम तिर्न नसक्दा थुनामा नै रहनु पर्ने भएकाले उनीहरूलाई जेल मुक्त गर्न रकम दान गर्ने आशय व्यक्त गरेका छन्। उनले केही समयअघि दिल्लीका जेल निरीक्षकसमक्ष पनि रकम प्रदान गर्ने अनुमतिका निम्ति आवेदन गरेको तर त्यसको जवाफ हालसम्म प्राप्त नभएको पत्रका उल्लेख गरेका छन्।

# दहको पानी नहाले खाना पाक्दैन



**दैनिक समाचारदाता राजविराज, ८ चैत ।**

सप्तरीको खडक नगरपालिका वडा न ५ मेघवारीमा गाउँ नजिकै रहेको मुसहर्निया दहको पानी खानामा प्रयोग नगरे खाना नपाक्ने गरेको छ ।

एउटा अनौठो परम्परा अनुसार दहको पानी लिनका लागि स्थानीय बाँसिन्दाहरु बिहानै पुग्ने गर्छन् । गाउँ पस्ने मुख्य बाटो दह रहेकाले खाना पकाउनका लागि मात्र पानी प्रयोग गरिन्छ ।

स्थानीय बाबुराम चौधरीका अनुसार जति मिठो खाना बनाएपनि दहको पानी एक ग्लास नहाले खाना पाक्दैन, खाना काचो नै हुन्छ । "हामीले धेरै प्रयास गर्यौ खोलानालाको पानी नखाने तर खाना नै नपाक्ने भएपछि हामीले बाउबाजेदेखि चलिआएको चलन अनुसार दहको पानी भान्सामा प्रयोग गर्न बाध्य भयौ ।"

उनका अनुसार सुरुमा यो जसरी दह थिएन नदि कलकल बगिरहेको थियो पछि वर्षायाममा माथिवाट पहाड खसेर दहमा रुपान्तरण भयो । एक सय ३ घरदुरी रहेको उक्त गाउँका बाँसिन्दाले दहको पानी खाना बनाउन प्रयोग गरिरहेको स्थानीय तेज नारायण साहले बताए ।

मुसहर्निया दहको माथिपट्टि पहाडका हरियाली र तलपटि आँपको बँगैचाले झन सुन्दर देखिएको छ । ७० प्रतिशत थारुको बाहुल्य उक्त गाउँमा दहको संरक्षण र सम्बर्द्धनमा प्रदेश सरकार र स्थानीय सरकारले ३५ लाख लगानि गरिसकेको वडा अध्यक्ष बिजय कुमार साहले जानकारी दिए ।

करिव तीन बिगहा क्षेत्रफलमा अवस्थित उक्त दहलाई संरक्षण गरेको खण्डमा पर्यटकिय गन्तव्य बन्नसकिने उनको तर्क छ । हाल दहको संरक्षणमा स्थानीय सरकार लागेपनि दहको सरसफाइ र दहको चारैतिर घेरबार हुन सकेको छैन ।

यता खडक नगरपालिकाका नगरप्रमुख जयप्रकाश चौधरी आन्तरिक र बाह्य पर्यटकको एउटा राम्रो गन्तव्य बनाउनका लागि आफुहरु लागिपरेका बताए । दहको पानी शुद्धीकरण गरि भान्सामा प्रयोग गरिने बारे पटक पटक जनचेतनामूलक कार्यक्रम गरिदै आएपनि अब दहको बिस्तारित अध्ययन गरि पर्यटक गन्तव्य र दहको डिलमा रहेको मुसहनिया माई, भगवती मन्दिरको संरक्षणमा कुनै कसर बाँकी नराख्ने बताए ।

### *स्ववियु निर्वाचन ...*

पक्षले सोही निर्वाचनलाई मान्यता प्रदान गरि तत्काल मतगणना सुरु गर्नुपर्ने अडान लिएपछि मतगणना कार्य अघि बढ्न सकेको थिएन् ।

सहमतिका लागि प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले पटक पटक विद्यार्थी संगठन र राजनीतिक दलका नेताहरुलाई राखेर सहमतिको प्रयास गरेपनि सफल हुन सकेको थिएन् ।

एक हजार ९ सय १४ मतदाता रहेको स्ववियु निर्वाचनमा ४४ प्रशितशत भन्दा पनि कम ८ सय ३० मत मात्र खसेको र बाँकी मतदातालाई मताधिकारबाट बञ्चित गराइएको विपक्षमा रहेका विद्यार्थी संगठनहरुले दाबी गर्दै बिहीबारदेखी आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।

मतगणना स्थलमा झडप तथा कुनै अप्रिय घटना हुन नदिन बिहानैदेखी डिएसपी नरेशकुमार सिंहको नेतृत्वमा क्याम्पस भित्र र बाहिर ठूलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको छ । मतगणनाको अन्तिम परिणाम अबेर रातीसम्म आउने अपेक्षा गरिएको छ ।

यसैबीच मतगणनाको पछिल्लो मतपरिणाम अनुसार समाजवादी विद्यार्थी युनियन गठबन्धन अग्रस्थानमा रहेको छ । त्यसलाई एमाले निकट अनेरास्ववियुले पछ्याइरहेको छ ।

# मापसे गरि मोटरसाइकल चलाइरहेका चालक र पछाडी सवार घाइते

**दैनिक समाचारदाता राजविराज, ८ चैत ।**

सप्तरीको महादेवा गाउँपालिका १ चिम्टिस्थित हुलाकी मार्गमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको छ । सो दुर्घटनामा चालक र पछाडी सवारगरि दुई जना घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ आउदै गरेको अनटेष्ट मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक सिरहाको कल्याणपुर ८ मझव बस्ने १८ वर्षिय रोशन कुमार चौधरी र पछाडी सवार स्थानिय २० वर्षिय राजकिशोर सदा घाइते भएका छन् ।

मादक पदार्थ सेवन गरि मोटरसाइकल चलाइरहेका दुबै घाइतेको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

### *अयोग्य लडाकुको...*

शिविरमा १९ हजार लडाकु रहेका थिए त्यसमध्ये अनमिनको प्रमाणीकरणमा अयोग्य ठहऱ्याइएका चार हजार आठ लडाकु बाहिरिएका थिए । एक हजार चार सय जति लडाकु नेपाली सेनामा समायोजन भए भने बाँकी स्वेच्छिक अवकाशमा गएका थिए ।

## गैर वित्तिय सम्पति बिक्रीको सार्वजनिक सुचना

यस संस्थाको नाममा गैर वित्तिय सम्पतिको रुपमा दर्ता श्रेस्ता कायम रहेको तपसिल बमोजिमको अचल सम्पति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री वितरण गर्नुपर्ने भएकोले मिति २०७९/१२/२३ गते भित्र उक्त सम्पति खरीद गर्न इच्छुक नेपाली नागरिकले संस्थाको कार्यालयमा सम्पर्क गरी लिनु हुन (सो दिन कथम कदाचित विदा पर्न गएमा बिदाको भोली पल्ट)को लागि यो सूचना प्रकाशित गरिएको छ । थप अन्य जानकारीको लागि संस्थाको कार्यालय राजविराजमा सम्पर्क गर्नुहोला ।

| क्र.स. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सप्तरी | राजविराज | ६ | २४९७ | ०-०-३/४ |
| | सप्तरी | राजविराज | ६ | २५०२ | ०-०-१ १/२ |
| २ | सप्तरी | राजविराज | ६ | २५०० | ०-०-१ १/२ |
| | सप्तरी | राजविराज | ६ | २४९६ | ०-०-३/४ |
| ३. | सप्तरी | राजविराज | ५ क | २४०४ | ०-०-१० |
| ४. | सप्तरी | राजविराज | ६ | १२४८ | ०-०-१० |
| ५. | सप्तरी | राजविराज | ५ क | ५२७९ | ०-०-१७ |
| ६.. | सप्तरी | खोक्सर प्रवाहा | ९ क | ५३८ | ०-४-४ |
| ७. | सप्तरी | पातो | ८ | ५२२ | ०-९-८ १/२ |
| ८ | सप्तरी | कल्याणपुर | ८ ख | ३४३ | ०-०-५ |
| | सप्तरी | खोजपुर | ५ क | ९०५ | ०-३-१६ १/२ |
| | सप्तरी | खोजपुर | ५ क | ९०३ | ०-३-१८ १/२ |
| ९ | सप्तरी | बोरिया | ३ | २२२१ | ०-०-५ |

**नेपाल सहकारी संस्था लि.**
राजविराज ३, सप्तरी
गजेन्द्र चौक
फोन नं. ०३१-५३१०९६


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**सचेत नागरिकको पुण्य काम, मृत्युपछि अंगदान ।**
- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अंगदान गर्न सक्छन् ।
- मृत शरिरको दुईवटा मृगौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङ्क्रियाज र सानो आन्द्रासमेतको अंगदान गरी आठ जनासम्मको ज्यान बचाउन सकिन्छ ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अंग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*